
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २ गते मंगलबार ❑ 16 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## विद्यार्थी नयाँ संस्कार र संस्कृतिको अगुवा बन्नुपर्छ : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, १ जेठ

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले विद्यार्थीहरू नयाँ संस्कार र संस्कृतिको अगुवा बन्नुपर्ने बताउनुभएको छ।

उन्साठ्ठीऔँ विद्यार्थी दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले चरम व्यक्तिवादी प्रवृत्तिलाई परास्त गर्दै विद्यार्थीहरू अगाडि बढ्नुपर्ने बताउनुभयो । "अहिले व्यक्तिवाद चरमरूपमा विकास भएको पाइन्छ। आफूले खोजेको र चाहेका पद नपाए सङ्गठनलाई तोडिदिने, देश र जनताप्रति घात गर्ने प्रवृत्ति व्याप्त छ। अखिलका योद्धाहरूले नयाँ संस्कार र संकृतिको अगुवा भएर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो।

जनताको विश्वास जितेर काम गर्नुपर्नेमा जोड दिँदै उहाँले जनतामा नयाँ विश्वास सिर्जना गर्न सक्नुपर्ने बताउनुभयो । "जनताबाहेक राजनीतिको कुनै अर्थ छैन, कम्युनिष्ट पार्टी स्थापना गर्नुको मुख्य उद्देश्य राष्ट्रियताको रक्षा, देशभक्तिको भावनाको विकास र जनताको अधिकार स्थापित गर्नु थियो", उहाँले भन्नुभयो।

वामपन्थी शक्तिले मात्र जनताको आशा अपेक्षा पूरा गर्न सक्ने दाबी गर्दै उहाँले देशभक्तिको झण्डा फहराउने, लोकतन्त्रका लागि जीवन अर्पित गर्ने नै कम्युनिष्ट हुन् भन्ने स्थापित भएको बताउनुभयो। "अहिले गणतन्त्र, लोकतन्त्र, सङ्घीयता र संविधान सङ्कटमा पर्ने अवस्था देखिएको छ, यस्तो बेला कम्युनिष्टले आफूलाई जिम्मेवार बनाउनुपर्ने बेला आएको छ", पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो । युवा विद्यार्थी बिहानीको उज्यालो घाम भएको जनाउँदै उहाँले सिङ्गो विश्व र नेपालको भविष्य विद्यार्थीको हातमा केन्द्रित रहेको बताउनुभयो । "तपाईंहरू सही बाटोमा अगाडि बढ्नुभयो भने देशले राम्रो बाटो पाउनेछ। राम्रो विचार र नेता पाउनेछ। तपाईंले बाटो बिराउनुभयो भने हामी सबैको भविष्य अँध्यारो हुनेछ", उहाँले भन्नुभयो । युवा, प्रौढ र ज्येष्ठ नागरिकका अनुभव, ज्ञान र सीपलाई एक ठाउँमा मिलाएर अगाडि बढे जुनसुकै चुनौतीको सामना गर्न सकिने उहाँको भनाइ थियो।

नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष अग्निप्रसाद सापकाटाले आधारभूत आवश्यकता पूरा गर्ने, गरिबी हटाउने, जनताको जीवनस्तर उकास्ने, साझा प्रगति प्राप्त गर्ने विषय समाजवादको मूलभूत विषय भएको बताउनुभयो । उहाँले विचार र दृष्टिकोणको विकास गर्नका लागि विद्यार्थी अगाडि बढ्नुपर्ने बताउनुभयो । पूर्वसभामुख सापकोटाले रानजीतिक परिवर्तनमा जनताले ठूलो त्याग तपस्या र बलिदान गरेका भए पनि जनताको जीवनस्तर उठाउन राजनीतिक दलबाट कमजोरी भएको स्वीकार गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले अप्ठ्यारो परेको मुलुकलाई सहज मार्गमा ल्याउन विद्यार्थी सङ्घसङ्गठन एकजुट हुनुपर्ने बताउनुभयो । "देशलाई बर्बादीमा जान दिन हुँदैन, यहीँ भविष्य देखाउन सक्नुपर्छ, त्यसका लागि विद्यार्थी एक हुनुपर्छ", उहाँले भन्नुभयो।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले देशको राष्ट्रियता, सार्वभौमिकताको रक्षा, शिक्षा, स्वास्थ्य, रोजगारीलागायत अधिकार प्राप्त गर्न युवाको सक्रियता आवश्यक रहेको बताउनुभयो । नेपाल समाजवादी विद्यार्थी युनियनका अध्यक्ष नेत्र चापागाईंले मुलुकको बेथितिका विरुद्ध सम्पूर्ण विद्यार्थी एक हुनुपर्ने बताउनुभयो। अखिल छैठौंका अध्यक्ष देवेन्द्र कुँवरले समाजवादी शिक्षा प्रणाली प्राप्त नभएसम्म विद्यार्थी एकता आवश्यक रहेको बताउनुभयो।

अखिल (क्रान्तिकारी)का अध्यक्ष प्रकाश शाहीले व्यवस्था बदल्न विद्यार्थी सङ्गठनको ठूलो भूमिका रहेपनि राजनीतिक नेतृत्वले युवालाई स्थान नदिँदा विद्यार्थी वर्गमा निराशा पैदा गरेको बताउनुभयो। उहाँले युवा प्रतिभा पलायन, विश्वविद्यालयको बेथिति, भ्रष्टाचार, कुशासनकाविरुद्ध सम्पूर्ण युवा विद्यार्थी एक हुनुपर्ने बताउनुभयो।

## परिषदका नवनियुक्त सदस्य सचिव शर्माले गरे पद बहाली

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ



प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले सोमबार पद बहाली गरेका छन्।

शर्मालाई गण्डकी प्रदेश सरकारको मन्त्री परिषदको गत बैशाख २८ गतेको निर्णयले उनलाई रिक्त सदस्य सचिव पदमा नियुक्त गरेको हो। सदस्य सचिव शर्मालाई सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेको खेलकुद महाशाखा प्रमुख घनश्याम पौडेलले पद बहाली गराएका थिए।

सो अवसरमा बोल्दै नवनियुक्त सदस्य सचिव शर्माले आफूले संधै अनुशासनमा रही खेलकुद विकासलाई अघि बढाउने बताए। उनले भने-"प्रदेश सरकारले मलाई जुन जिम्मेवारी दिएको छ त्यसका लागि म आभार व्यक्त गर्न चाहन्छु। आफूबाट नै खेलकुदले दिएको अनुशासनलाई मार्गदर्शनको रुपमा अघि बढाउने छु।" आफ्नो कार्यकालमा कुनै गल्ती नगर्ने प्रतिवद्धता जनाउँदै उनले खेलकुद र परिषदको गरिमालाई बचाउन सके परिषदले ठूलो फड्को मार्ने उनको भनाई थियो।

कार्यक्रममा बोल्दै प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङले सबै मिलेर नै खेलकुदको विकासलाई अघि बढाउन सकिने उल्लेख गरे। लामो समय पछि परिषदले सदस्य सचिव पाउनु सुखद रहेको बताउँदै उनले खेलकुदमा रहेका चुनौतीहरुलाई समाप्त गर्न सबैको एकता आवश्य रहेको बताए।

मन्त्रालयका खेलकुद महाशाखा प्रमुख तथा यस अघि सदस्य सचिवको रुपमा कार्यरत पौडेलले नवनियुक्त सदस्य सचिवलाई पदबहाली गराउँदै खेलकुदमा संघियताको मर्म अझै प्राप्त नरहेको बताउँदै प्रदेश खेलकुदमा रहेका चुनौतीहरु चिर्न सबैको सहयोग र सहकार्य रहेको बताए। सो अवसरमा प्रदेश खेलकुदका कार्यालय प्रमुख टोपलाल भुसालले समेत आफ्ना भनाई राखेका थिए। कार्यक्रममा प्रदेश खेलकुदका कार्यकारी सदस्यद्वय दिल बहादुर गुरुङ, तारामायाँ थापा मगर लगायत परिषदका सदस्यहरुले नवनियुक्त सदस्य सचिव शर्मालाई स्वागत गरेका थिए। यस अघि परिषदको सदस्य सचिवको रुपमा तेज बहादुर गुरुङ कार्यरत रहेका थिए। उमेर हदका कारण गत २०७९ असोज २५ गते उनले अवकाश पाएका थिए । सदस्य सचिवको पद चार वर्षको रहने प्रदेश खेलकुद विकास ऐनले तोकेको छ।

## भूटानी शरणार्थी प्रकरणका दोषीलाई छाड्न हुँदैन : रास्वपा

**रासस**
काठमाडौं, १ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भूटानी शरणार्थी प्रकरणमा संलग्न जोसुकै भए पनि कुनै पनि हालतमा छाड्न नहुने बताएको छ।

रास्वपाका महामन्त्री एवं प्रवक्ता डा मुकुल ढकालले सोमबार एक विज्ञप्ति जारी गरी भूटानी शरणार्थी प्रकरणमा संलग्न जोसुकै भए पनि कुनै हालतमा छाड्न नहुने बताउनुभएको हो। रास्वपाले भूटानी शरणार्थी प्रकरणका आरोपितको पासपोर्ट जफत गरी दोषीलाई कारबाही र पीडकलाई क्षतिपूर्ति दिलाउन सरकारसँग मागसमेत गरेको छ। उक्त प्रकरण सङ्गठित ठगी र राज्यविरुद्ध अपराध भएको रास्वपाले जनाएको छ । "यो घटनाले विश्वसामु स्वाभिमानी नेपालीको शिर झुकाएको छ, यस प्रकरणमा संलग्न जोसुकै भए पनि कुनै पनि हालतमा छाड्न हुँदैन, उक्त घटनाका सम्बन्धमा हालसम्म सरकार र नेपाल प्रहरीले उठाएका कदमप्रति हाम्रो साथ, समर्थन रहेको छ", रास्वपाद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

रास्वपाले उक्त घटना भ्रष्टाचारको मुद्दामात्र नभई एक सङ्गठित ठगी र राज्यविरुद्ध अपराध भएको बताएको छ। उक्त घटनालाई भ्रष्टाचारका रूपमा मात्र हेर्न नहुने प्रवक्ता डा ढकालले बताउनुभयो।

## पूर्वसभासद शेर्पा प्रहरीमा

**रासस**
काठमाडौं, १ जेठ



नक्कली भूटानी शरणार्थी बनाएर सङ्गठित ठगी प्रकरणमा मुछिएका व्यक्तिसँग नाम जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वसभासद आङटावा शेर्पा सोमबार जिल्ला प्रहरी परिसर काठमाडौँ पुग्नुभएको छ।

उक्त घटनामा नाम जोडिएपछि बुझ्नका लागि भन्दै उहाँ आफैँ परिसरमा आउनुभएको परिसरका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो।

उहाँ शरणार्थी प्रकरणमा पक्राउ परेका सानु भण्डारीलाई हिरासतमै गएर भेटेको सार्वजनिक भएको थियो । त्यसपछि उहाँलाई पनि प्रहरीले अनुसन्धानको घेरामा राखेको थियो।

उक्त प्रकरणमा अहिलेसम्म पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी र पूर्वमन्त्री बालकृष्ण खाणसहित १३ जनालाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ।

## रायमाझीलाई तीन दिन हिरासतमा राख्न अनुमति

**रासस**
काठमाडौं, १ जेठ

काठमाडौँ जिल्ला अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ।

काठमाडौँको बूढानीलकण्ठबाट आइतबार पक्राउ परेका रायमाझीलाई आज जिल्ला अदालतमा पेस गरिएकामा अदालतको आदेशले प्रहरीले तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्ने म्याद पाएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो। रायमाझीलाई वैशाख २० गते पक्राउ पूर्जी जारी गरिएकामा १२औँ दिनमा वैशाख ३१ गते पक्राउ गरिएको थियो। उनका छोरा सन्दीपलाई भने सोही दिन पक्राउ गरिएको थियो।

उक्त घटनामा अहिलेसम्म पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजीत राईसहित १३ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। उक्त घटनामा एक सय छ जनाले २३ करोड २५ लाख ठगी भएको भन्दै प्रहरीमा जाहेरी दिएका थिए।

## नक्कली भूटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाहीको मागसहित देशव्यापी अभियान

**रासस**
काठमाडौं, १ जेठ

मानव अधिकार तथा शान्ति समाजले नक्कली भूटानी शरणार्थी प्रकरण राष्ट्रिय अस्मितामाथि घात हो भन्दै यसका मूल दोषीमाथि कारबाहीको मागसहित देशव्यापी अभियान प्रारम्भ गरेको छ।

'नक्कली भूटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाही गर, सुशासनको प्रत्याभूति, आर्थिक पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर, मानव अधिकारमैत्री ऐन बनाऊ : सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याऊ' भन्ने आह्वानसहित समाजले आज काठमाडौँको माइतीघरमा प्रदर्शन गरेको हो। प्रदर्शनमा 'ठूला नेता मिलेका : अरब अरब निलेका', 'शीर्ष नेताको सम्पत्ति छानबिन गर', 'शीर्ष नेता भ्रष्ट छन् : नेपाली जनता त्रस्त छन्', भ्रष्टाचारको धमिराले देश खोक्रो भइसक्यो, भ्रष्टाचार हटाऊ : लोकतन्त्र बचाऊ, भ्रष्टाचारले लोकतन्त्रलाई कमजोर बनाउँछ, भ्रष्टाचार लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा हो, लोकतन्त्रको सबैभन्दा ठूलो शत्रु : कुशासन र दण्डहीनता, नक्कली भूटानी शरणार्थी प्रकरणमा संलग्न शीर्ष नेताहरूसहित सबैलाई कारबाही गर लेखिएका प्लेकार्ड र ब्यानर प्रदर्शन गरिएको थियो।

एक घण्टासम्म भएको प्रदर्शनमा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडीले प्रमुख दलका शीर्ष नेताको गलत आचरणका कारण लोकतन्त्र र देश सङ्कटमा पर्न थालेको बताउँदै प्रमुख दलका शीर्ष नेताको तत्काल सम्पत्ति छानबिन हुनुपर्नेमा जोड दिनुभयो।

प्रदर्शनमा पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल, प्रजातान्त्रिक विचार समाजका अध्यक्ष डा केदारनरसिंह केसी, शान्ति समाजका सभापति रामकृष्ण बराल, सल्लाहकार उत्तम पुडासैनीले मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा स्रष्टाहरू अर्जुन पराजुली, रामेश्वरी पन्त र धीरेन्द्र प्रेमर्षिले नक्कली भूटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाहीको माग गर्दै कविता प्रस्तुत गर्नुभएको थियो । प्रदर्शनमा सत्याग्रही डा गोविन्द केसी, शान्ति समाजका पूर्वसभापतिहरू होमकान्त चौलागाईं र डा गङ्गाधर अधिकारी, पदाधिकारी कृष्णबहादुर रावल, रामप्रसाद जोशी, चन्द्रमणि बञ्जारा, किरण ढकाल, नम्रता खरेल, दिवाकर पुडासैनी, अधिकारकर्मीहरू रत्नलक्ष्मी श्रेष्ठ, बलबहादुर गाहा मगर, जगन्नाथ पुडासैनी, विमल अर्याल, गीता तिमल्सिना, उमा गौतम, भगवान पुडासैनी, प्रमोद फुयाल, ईश्वर पुडासैनी, जयराम पुडासैनी, नानिकाजी गिरी, विकास थापा, रमेश बराल, रुपा गिरी, शर्मिला बोगटी, रोज विष्टसहितका अधिकारकर्मीको सहभागिता थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# नेपालका ओलम्पियनहरुको जेठ तेश्रो साता पुनर्मिलन हुने

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

गण्डकी प्रदेशको राजधानि पोखरामा यही जेठको तेश्रो साता नेपालका ओलम्पियनहरुको भेटघाट तथा पुनर्मिलन हुने भएको छ। नेपाल ओलम्पियन्स संघको आयोजनामा पोखरामा उक्त कार्यक्रम यही जेठ १९ देखि २१ गतेसम्म ऐतिहासिक रुपमा हुने तयारी गरिएको संघका अध्यक्ष एवं ओलम्पियन दीपक विष्टले बताए।

सन् १९६४ देखि पछिल्लो २०२० जापानमा आयोजना भएको ओलिम्पिक खेलमा सहभागि नेपाली ओलम्पियन खेलाडीहरुको एकै स्थानमा पहिलो पटक भेटघाट तथा पुनर्मिलन हुने व्यवस्था मिलाएको अध्यक्ष विष्टले बताए। जापानमा भएको सन् १९६४ देखि नेपालले ओलिम्पकमा सहभागिता हुन सुरु गरेको हो। ६ दशकको अन्तरालमा करिब ८५ जना नेपालबाट सहभागि भएका ओलम्पियनहरु मध्य हालसम्म १० जनाको निधन भएको छ भने करिब २० जना जसो विदेशमा रहेका छन भने बाँकी नेपालमै भएकोले उनीहरुको सहभागिता हुने भएको विष्टले जनाए। विदेशमा रहेकाहरु मध्य केही उक्त कार्यक्रममा आउने भएकोले करिब पोखरामा ५० देखि ५५ जनासम्म नेपालका ओलम्पियनहरु एकै थलोमा जम्मा हुने ऐतिहासिक कार्यक्रम हुने भएको अध्यक्ष विष्टले बताए। पोखरा क्षेत्रका नारायण गुरुङ, विधान लामा साथै विश्व ओलम्पिक कमिटिको समेत प्रतिनिधिहरुको सहभागिता हुने भएको उनले बताए। पर्यटन र खेलकुदको राजधानीको रुपमा परिचित पोखराको खेल पर्यटनको प्रवर्द्धन गर्न र आलम्पियनहरुको घुमघाममा बढी रुचाएको स्थल भएको हुनाले पनि पोखरामा उनीहरुलाई भेटघाट गराउने व्यवस्था गरेको अध्यक्ष विष्टले बताए।

धेरै ओलम्पियनहरुले पोखरा क्षेत्रमा सायद नआएको र नेपालमा थोरै ओलम्पियनहरु भएकोले गर्दा पनि यो कार्यक्रम आयोजना गर्न लागिएको उनले बताए। हरेक प्रदेशमा यस कार्यक्रमलाई लैजानले आफुहरुको योजना भएको समेत अध्यक्ष विष्टले बताए। उनले भने "ओलम्पियनहरुलाई सबै प्रदेशका नागरिकहरुले चिन्नु पर्छ, हरेक विद्यालयले समेत चिन्नु पर्छ भन्ने मेरो मान्यता हो।" आफुहरु यो देशको लागि खेलेकोले त्यसको महत्व बुझेर आफुहरुले हरेक क्षेत्रमा राम्रो कामको लागि राखेको प्रस्तावमा सहयोग जुट्ने गरेको बताएका अध्यक्ष विष्टले यस कार्यक्रमलाई सफल पार्न सरकारी तथा गैरसरकारी एवं विभिन्न व्यक्ति तथा संघ संस्थाहरुका साथै स्थानिय स्तरबाट समेत भरपूर्ण सहयोग हुने अपेक्षा गरेका छन्। नेपालका ओलम्पियनहरु यही जेठ १९ गते पोखरामा आउने र उनीहरुलाई पोखरामा स्वागत सत्कार गर्ने, भोलिपल्ट जेठ २० गते शनिबार पोखरामा प्रभात फेरी तथा बिषेश सम्मान समारोह र जेठ २१ मा खेलाडी एवं खेलकुदकर्मीसँग अन्तरकृया कार्यक्रम तथा पोखरा भ्रमण हुदै धान्दुकसम्मको घुमघामको कार्यक्रम हुने प्रारम्भिक चरणमा छलफल भएको छ। आन्तरिक रुपमा पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारको संयोजकत्वमा टोलीले आन्तरिक रुपमा व्यबस्थापन देखि आगन्तुक ओलम्पियनहरुको भव्य स्वागत तथा सत्कार र घुमघामको व्यबस्था मिलाउने भएको छ। यसैबिच सोमबार संघका अध्यक्ष दीपक विष्टको अध्यक्षतामा पोखरामा बिहान बसेको छलफलबाट उक्त कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्न पोखरेलीहरुले सहयोग गर्ने वचन दिएका छन्। कार्यक्रममा अध्यक्ष विष्टले पोखरामा आफुहरु आउन उत्साहित भएकोले आन्तरिक रुपमा उक्त कार्यक्रमलाई सफल पार्न व्यवस्थापनमा सहयोग गर्न आव्हान गरे। पूर्व बक्सिङका पदकधारी खेलाडी एवं पर्यटन व्यवसायी गणेश भट्टराईले खेलाडी भनेको सबै भन्दा ठुलो कुरा भएकोले नेपालको लागि खेलेका ओलम्पियनहरु पोखरामा आउनु आफैमा ठुलो कुरा भएको बताए। पोखरामा हुने उक्त कार्यक्रमलाई सफल पार्न कुनै कसर बाँकी नराख्ने उनले बताए। गण्डकी प्रदेशका सांसद प्रकाश बरालले उक्त कार्यक्रम पोखरामा पहिलो पटक गराउने तयारी गरेमा संघलाई धन्यवाद दिदै आवश्यक सहयोग गर्ने वचन दिए। प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोजकुमार गुरुङले उक्त कार्यक्रमलाई ऐतिहासिक बनाउनु पर्नेमा जोड दिए।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले खेल पर्यटनको शहर पोखरामा उक्त कार्यक्रम हुँदा यस क्षेत्रका पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गरे। उक्त कार्यक्रमलाई भव्य र सफल पार्न मञ्चले आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने बताए। पोखरा १३ का वडा अध्यक्ष किरण बरालले पोखरा क्षेत्रमा हुने उक्त कार्यक्रमलाई सफल पार्न आवश्यक समन्वय गर्न तयार रहेको बताए। नेपाल भूतपूर्व खेलाडी मञ्चका महासचिव कृष्ण तिमिल्सिनाले ओलिम्पियनको आरामदायी बसाई हुने गरी कार्यक्रमः बनाउन सुझाव दिए। पोखरा महानगरपालिका खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले सबैसंगको सहकार्यमा उक्त कार्यक्रमः उत्कृष्ट बनाउने योजनामा आफुहरु रहेको बताए।

# 'बधाई तथा शुभकामना दिन आउँदा खादामाला नल्याउनुहोला'

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

गण्डकी प्रदेश सरकारका नवनियुक्त भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले मन्त्रालयमा भेटघाटमा आउँदा खादामाला नल्याउन आग्रह गर्नुभएको छ।

बधाई तथा शुभकामना दिँदा खादामाला, पुष्पगुच्छा आदि प्रयोग नगर्न उहाँले सर्वसाधारणमा आग्रह गर्नुभएको हो। खादामालामा अनावश्यक फजुल खर्च हुने र वातावरणीय स्वच्छतामा पनि हानी पुऱ्याउने भएकाले त्यस्ता वस्तुको प्रयोगलाई निरुत्साहित गर्न लागिएको मन्त्री जुग्जालीको सचिवालयले जनाएको छ। मन्त्रीसँग भेटघाटमा आउँदा खादामाला, फूल, 'बुके' स्वीकार नगरिने सचिवालयको सूचनामा उल्लेख छ। मन्त्रालयमा अत्यावश्यकबाहेक हरेक दिन दिउँसो ३ बजेदेखि ५ बजेसम्म भेटघाटको समय तय गरिएको मन्त्री जुग्जालीका स्वकीय सचिव सुदिन पौडेलले जानकारी दिनुभयो। म्याग्दी प्रदेशसभा क्षेत्र (२) बाट निर्वाचित उहाँ गत शुक्रबार मन्त्रीमा नियुक्त हुनुभएको थियो। मन्त्री जुग्जाली अघिल्लो सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री हुनुहुन्थ्यो। नेपाली काँग्रेसको नेतृत्वमा नयाँ गठबन्धन सरकार बनेपछि उहाँ पुनः मन्त्री बन्नुभएको हो। शुक्रबार पदभार सम्हालेपछि मन्त्री जुग्जालीले प्रादेशिक सडकको गुरुयोजना बनाउने पहिलो निर्णय गर्नुभएको थियो।

# जिप दुर्घटनामा एक जनाको मृत्यु, पाँच घाइते

पोखरापत्र संवाददाता
गोरखा, १ जेठ

गोरखामा गएराति भएको जिप दुर्घटनामा एक जनाको मृत्यु भएको छ।

जिल्लाको गण्डकी गाउँपालिका-६, घोचुरमा बा०१-०२५ च ६२०४ नम्बरको बलेरो जिप सडकबाट झण्डै ७० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिनुभयो।

दुर्घटनामा परी गण्डकी गाउँपालिका-६ निवासी ७८ वर्षीया किरमाया आलेको मृत्यु भएको हो। काठमाडौँबाट घोचुरतर्फ जाँदै गरेको बलेरो जिप कच्ची सडकबाट खस्दा सख्त घाइते हुनुभएकी आलेको गोरखा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको उहाँले बताउनुभयो।

उक्त दुर्घटनामा परी अन्य पाँचजना घाइते भएका थिए। घाइते हुनेमा सोही ठाउँका ७७ वर्षीया कनमाया आले, ७८ वर्षीय धनबहादुर आले, ८१ वर्षीय तीर्थबहादुर आले, ७२ वर्षीय पूर्णबहादुर थापा र ६५ वर्षीया गङ्गामाया थापा हुनुहुन्छ। घाइतेहरूको भरतपुरस्थित चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ। दुर्घटनापछि जिपका चालक ४३ वर्षीय केहरसिं थापालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरू गरिएको प्रहरी नायब उपरीक्षक लामिछानेले जानकारी दिनुभयो। दुर्घटनाको कारण भने खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

# हाइकिङद्वारा अर्मलाकोटको प्रवर्द्धन गर्दै हाइकर्स क्लब

ललित अधिकारी/तुलसी धमला
पोखरा, १ जेठ



पोखरा आसपासका ग्रामिण भेगहरुमा रहेका होमस्टेहरुलाई हाइकिङका माध्यमले प्रवर्द्धन गर्दै आएको हाइकर्स क्लब नेपालले आफ्नो ३४ औं श्रृङ्खला अर्मलाकोट सामुदायिक होमस्टेमा सम्पन्न गरेको छ।

हाइकिङमा सहभागीहरुलाई होमस्टे अध्यक्ष वविता गुरुङ, आमा समुह अध्यक्ष फूलश्री गुरुङ लगायतका आमा दिदीबहिनीहरुले फूलमालाले स्वागत गरेका थिए।

सहभागीले आफ्नै खर्चमा हाइकिङमा जोडिदै आन्तरिक पर्यटन प्रवर्द्धनमा लाग्नु राज्यको लागि ठुलो योगदान रहेको हाइकिङमा पहिलो पटक सहभागी पोखरा महानगरपालिका वडा नं २१ का निवर्तमान वडा अध्यक्ष खगराज आचार्यले वताएका छन्। उनले हाइकर्स क्लबले स्वतःस्फुर्त रुपमा आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपुर्ण योगदान दिएकोले यस प्रकारका कार्यक्रममा स्थानिय सरकारले सहयोग गर्नुपर्ने वताएका थिए।

विगत ४ वर्ष अगाडिबाट नियमित रुपमा हाइकिङ कार्यक्रम गरिदैं आएकोमा कोभिड महामारीको कारण केहि समय रोकिएतापनि त्यसपछिका दिनहरुमा नियमित हाइकिङ कार्यक्रम गरिदैं आएको र त्यसपछिका कायएक्रमहरुमा सहभागिहरुको संख्या पनि वढ्दै गएको संयोजक पत्रकार कृष्ण रानाभाटको अनुभव छ।

रानाभाटका अनुसर क्लबलाई विधिवत दर्ता गरेर आगामि दिनमा व्यवस्थित पार्दै सम्बन्धित निकायको सहकार्यमा हाइकिङ कार्यक्रम संचालन गर्ने बारे धेरै काम अघि वढिसकेको छ। उनले हाइकर्स क्लबको स्थापनामा गाउँ पर्यटन प्रवर्द्धन मञ्च भिटोफ गण्डकीका संस्थापक तारानाथ पहारी र पुर्व अध्यक्ष तथा पोखरा महानगर पर्यटन विकास समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलको अग्रणि भुमिका रहेको वताउँदै क्लबको स्थापना गर्नुपर्छ भनेर लागि पर्ने संस्थापक प्रविण तुलाचन प्रति विशेष धन्यवाद दिएका थिए। क्लबका सदस्य तथा ट्रेकिङ गाईड सुन्दर त्रिपाठीले पहिलो पटक हाइकिङमा सहभागिहरुलाई पदायात्राका क्रममा आउन सक्ने स्वास्थ्य तथा अन्य समस्याका वारेमा वताउदैं समाधानका उपायका बारेमा वताएका थिए।

त्यसै गरी क्लबका उपाध्यक्ष ज्योति हमाल, कानुनी सल्लाहकार अधिवक्त मनोज घर्तिमगर क्लबले आगामि दिनहरुमा हाइकिङका सथै सामाजिक कार्य पनि गर्नुपर्ने भनाई राखेका थिए।

क्लबका आइटि संयोजक वेवपेज नेपालका प्रवन्ध निर्देशन पितम सेन ठकुरीले हाइकिङमा सहभागी हुन अनलाईन फर्म अनिवार्य गराउनु पर्ने धारणा राखेका थिए। यसो गर्न सकिएमा यातायात र खाना खाजाको लागि व्यस्थित गर्न सजिलो हुने उनको भनाइ थियो।

हाइकिङमा कालाबाङ घेरेडी सामुदायिक होमस्टेका अध्यक्ष याम बहादुर गुरुङ, धनश्याम पौडेल, मोहन खत्री, शालिकराम भण्डारी, प्रमिसासिलवाल, आरती रानाभाट, राजेन्द्र वस्याल, खाम केसी, हरि शर्मा, हरि रानाभाट लगाएत ३६ जना सहभागिता रहेको थियो।

# डकुमेन्ट्री प्रर्दशन हुने

प्रेम बहादुर आले
पोखरा, १ जेठ

चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्कीको आयोजनामा सञ्चारकर्मी गोविन्द थापा सिञ्जालीद्धारा निर्देशित डकुमेन्ट्रीहरुको पोखरामा प्रर्दशन हुने भएको छ।

डकुमेन्ट्री आगामी शनिवार जेठ ६ गते पोखरा थिएटर, गैह्रापाटनमा प्रदर्शन गरीने मञ्चका अध्यक्ष वुद्धिराम लम्सालले जानकारी दिए। सिञ्जालीद्धारा निर्देशित कृष्णचरीत्र, ठाडोभाका, भैरमथानको यात्रा, बाजेबज्यै पूजा, तलु, रेडियो नेपाल पोखराको परीचय लगायतका डकुमेन्ट्री तथा भिडियोहरु प्रर्दशन गर्ने लागिएको चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्कीका सचिव रुद्र सन्देश मगरले जानकारी दिए। मौलिक संस्कार, संस्कृति संरक्षणका लागि डकुमेन्ट्री प्रर्दशन गर्ने लागिएको उनको भनाई छ साथै चर्चित कलाकारहरुको गायन तथा नृत्य प्रस्तुति र चित्रेभञ्याङको मौलिक कौरा समेत प्रर्दशन हुने उनले बताए। यसअघि हरीनास सिर्जनशील समूह पोखराले असोज १५ गते सिञ्जालीद्धारा निर्देशित १५ वटा डकुमेन्ट्री तथा भिडियोहरुको प्रर्दशनी सम्पन्न गरेको थियो।


## नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, गण्डकी प्रादेशिक कार्यालयको हटलाइन सेवा संचालनमा आएको बारे सूचना।

नेपाल विद्युत प्राधिकरणबाट प्रदान गरिने नोलाइट सेवा तथा ग्राहक सेवा सम्बन्धी गुनासो व्यवस्थापनको लागि, नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयले निशुल्क हटलाइन सेवा संचालनमा ल्याएकोले पैसा नलाग्ने हटलाइन नं. ११५० मा फोन गरी सेवा लिनु हुन जानकारीको लागि अनुरोध छ।

नेपाल विद्युत प्राधिकरण
गण्डकी प्रादेशिक, कार्यालय

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुरानो प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरुः
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसूत्र विधिद्धारा बिना अप्रेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६५४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपालको कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले भुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# प्रहरीको व्यावसायिक क्षमताको परीक्षा

नक्कली भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका उडाउने खेलमा संलग्नताको आरोपमा पुर्वमन्त्रीहरु पक्राउ परेका छन।पुर्व उपप्रधानमन्त्री टोप बहादुर रायमाझी र पुर्व गृहमन्त्री बालकृष्ण खाँड प्रहरी हिरासतमा छन । उनीहरू दुवैलाई सरकारी वकिलको कार्यालयले बयान लिएको छ। एमाले सांसद रायमाझी पक्राउ परेको सभामुखले प्रतिनिधिसभाको बैठकमा जानकारी गराइसकेका छन । सोही प्रकरणमा आरोपित सांसद मञ्जु खाँड फरार रहेको समाचार सार्वजनिक भएका छन । अर्का आरोपित संविधानसभा सदस्य आङटावा शेर्पाले प्रहरीमा आत्मसमर्पण गरेका छन । वहालवाला सचिव टेक नारायण पाण्डे पक्राउ पछि एक पछि अर्को तानिदै गएका छन।आरोपित केही अझै फरार छन । यसमा नेता देखि उच्च सरकारी अधिकारी संलग्न भएको तथ्य उजागर हुँदै गरेको छ। राज्य संयन्त्रमै कसरी सेटिङ हुन्छ भन्ने तथ्यले स्पष्ट पारेको छ।

नेपालीलाई भुटानी शरणार्थी बनाउने प्रपञ्चमा सामेलको आरोपमा समातिएकाहरू राजनीतिक नेतृत्वमा कसरी पुगे र पार्टी नेतृत्वलबाट संरक्षित छन् । राजनीतिक बजारमा एक पछि अर्का पुर्व मन्त्री अनुसन्धानमा तानिएका छन। पूर्व ऊर्जामन्त्री टोपबहादुर रायमाझी मात्रै नभई पूर्वगृहमन्त्री बालकृष्ण खाँणको संलग्नतालाई पक्राउ परेकाहरूको बयानले उदांगो पारिदिएको हो । तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकारदेखि तत्कालीन गृहसचिव टेकनारायण पाण्डेकै संलग्नताको लहरो तान्दा राजनीतिक नेतृत्वसम्मकै पहरो थर्किएको छ । प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले ठूला माछा पर्ने आशंका गरेका छन।नेत र प्रशासनलाई हातमा लिएर ठगी गर्ने उम्किन तीन दशकभन्दा बेसी नेपालमा शरण लिइरहेका नेपालीभाषी भुटानी नागरिकलाई अमेरिका लगायत तेस्रो देशमा पुनर्वासको चाँजो मिलाइएको थियो ।

त्यस सन्दर्भमा छुटेकाहरूलाई पनि पुनर्वास गराउन सरकारी समिति बनाइएको थियो । त्यही समितिको प्रतिवेदन, जुन सार्वजनिक भएकै थिएन। त्यसैको उपसूचीमा नेपाली नागरिकहरूको नाम थपी भुटानी बनाएर अमेरिका लैजाने भनेर १० देखि ५० लाख रूपैयाँ असुली भएको सार्वजनिक भएको छ। प्रतिवेदन नै सच्च्याएर नाम थप्नेसम्मको हर्कतमा गृह मन्त्रालयका तत्कालीन सचिव, मन्त्रीका सल्लाहकारसमेतको संलग्नता देखिनुले अपराधको सेटिङले मुलुकलाई कसरी जकडेको छ भन्ने देखाएको छ । जब राज्य संयन्त्र नै यो हदको अपराधीकरणमा प्रयोग हुन्छ, सर्वसाधारण कसरी नठगिउन् ? यो प्रकरणमा आरोप लाग्नेबित्तिकै एमाले सचिवसमेत रहेका पूर्वमन्त्री रायमाझी फरार हुँदा आरोपलाई पुष्टि गराउन बल पुगेको छ । पूर्वमन्त्री खाँणले कागजात नष्ट गरेर संलग्नलाई पुष्टि गर्ने काम गरेका छन् । यश प्रकरणमा विदेशीको चासो र सकृयता भएको हुँदा उनीहरूको बचाउमा कसरत कमजोर हुँदै गएको छ ।

कदाचित पनि जोकसैमाथि छानबिनमा यो प्रकरणमा छुट हुनु हुँदैन । प्रहरीले यो घटनाक्रमको निष्पक्ष छानबिन गर्नुपर्छ । देशमा बिचौलीया हावी हुन नदिन र कानुनी शासन कायम गर्न प्रहरीले व्यावसायिक क्षमता प्रदर्शन गर्ने अवसर पनि हो । राजनीतिक सौदाबाजी गर्दै सरकारले प्रहरीलाई दबाब नदेओस्। आरोपितहरू स्वच्छ र असंलग्न हुन् वा निरपराध हुन् भने उनीहरूले प्रहरीलाई सहयोग गर्नुपर्छ । जुनसुकै ओहोदामा पुगेका व्यक्ति किन नहोउन्, उनीहरूमाथि निष्पक्ष छानबिन गर्नुपर्छ। जसले अमेरिका पुग्ने सपना देखेर किर्ते काम गराएर पैसा बुझाए, उनीहरू पनि यो बदमासीका उत्तिकै साझेदार हुन्। तिनलाई पनि कानुनी कठघरामा उभ्याउनु पर्छ । यही प्रकरणका कारण वास्तविक भुटानी शरणार्थी जो तेस्रो मुलुक पुनर्वासको प्रतीक्षामा छन्, उनीहरू पनि अन्यायमा पर्नु हुँदैन । यसमा दोषी नछुटोस निर्दोष नफसोस भन्नेमा सबैको साथ आवश्यक छ ।

# यसवर्षको सकियो सिकार याम

पोखरापत्र संवाददाता
बागलुङ, १ जेठ

ढोरपाटन सिकार आरक्षमा यस वर्षको सिकार याम सकिएको छ । सिकारीले नाउर र झारलको सिकार गरेर फर्किएसँगै सिकार याम अन्त्य भएको हो ।

दोस्रो सिकार याममा ढोरपाटनमा १२ नाउर र छ झारलको सिकार भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दोस्रो सिकार यामको लागि नौ झारलको कोटा निर्धारण गरे पनि तीन झारलको कम सिकार भएको हो । हिमालयन सफारिज प्रालिबाट आएका तीन विदेशी सिकारीले यस पटक निर्धारित कोटामा तीन झारलको सिकार गर्न नसकेको ढोरपाटन सिकार आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले बताउनुभयो ।

बोलपत्र प्रक्रियाबाट छानिएका सात कम्पनीमार्फत आठ देशका पेसेवर विदेशी सिकारीले यस वर्षको दोस्रो याम (फागुन-वैशाख)मा सिकार गरेका थिए । यस पटक सिकारीले एक नाउरको पाँच लाख २० हजारदेखि सात लाख ८० हजारसम्म र झारलको रु तीनदेखि तीन लाख १० हजारसम्म राजस्व तिरेका थिए। पहिलो याममा एक नाउरको रु २० लाख पाँच हजार र झारलको रु छ लाख राजस्व बुझाइएको थियो । सिकारको माग बढी हुँदा राजस्वको दर पनि बढ्ने र माग घट्दा राजस्व पनि घट्ने गरेको छ । यस वर्षको पहिलो सिजनमा आठ नाउर र छ झारलको सिकार कोटा निर्धारण गरिए पनि सात नाउर र पाँच झारलको सिकार भएको थियो। आरक्षमा सिकार गरेपछि अधिकांश सिकारीले मासु खान्छन् भने सिङ, खुर र छाला मात्रै आफ्नो देशमा लैजान्छन् । अन्तर्राष्ट्रिय तहमा हुने प्रतियोगितामा उनीहरूले सिङको प्रतिस्पर्धा गरेर ट्रफी जित्ने गरेका छन् ।

# पोखरेबगर-चित्रे सडक कालोपत्र

पोखरापत्र संवाददाता
म्याग्दी, १ जेठ

म्याग्दीस्थित गण्डकी प्रदेशकै प्रमुख पर्यटकीयस्थल घोडेपानी जोड्ने पोखरेबगर-चित्रे सडक कालोपत्र गर्न थालिएको छ।

मार्ग खुलेको करिब १५ वर्षपछि सडक कालोपत्र हुन थालेपछि स्थानीयवासी उत्साहित भएका छन् । अठार किलोमिटर पाँच सय ४० मिटर दूरीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि घार-खिवाङ-शिख-फलाते हुँदै पर्यटकीय बस्ती घोडेपानी नजिकको चित्रे जोड्ने सडक निर्माण गर्न तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले विसं २०७५ मङ्सिरमा ठेक्का सम्झौता गरेको थियो ।

प्राधिकरण खारेज भएपछि सहरी विकास मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विकास कार्यालय कास्कीमा हस्तान्तरण भएको यो आयोजना निर्माणका लागि मोतीदान-जयमाता जेभीले रु २७ करोड ९१ लाख ३५ हजारमा ठेक्का लिएको थियो ।

आयोजनाका इन्जिनियर विवेक पौडेलले सडक विस्तार, नाली, पर्खाल निर्माणलगायत संरचना बनाउने, बेस, सब बेस राख्ने काम सकिएपछि कालोपत्र गर्न थालिएको बताउनुभयो । “खिवाङ-शिख खण्डमा प्राइम कोड बिछ्याउने काम भइरहेको छ, अर्को चरणमा घार खण्डमा र त्यसपछि फलाते-चित्रे खण्डमा प्राइम कोड बिछ्याउने कार्यतालिका छ”, उहाँले भन्नुभयो, “प्राइमकोड राखेपछि दुई चरणमा डिबिएसडी प्रविधिको कालोपत्र हुन्छ ।”

विसं २०७७ जेठ २२ गते सक्ने सम्झौता भएको आयोजनाका निर्माण व्यवसायीले पर्याप्त मजदुर र उपकरण परिचालन गर्न नसक्नु, कमजोर भूवनोट, प्राकृतिक विपत्ति, कोरोना महामारीलगायतका कारणले लक्ष्यभन्दा तीन वर्षपछि सकिन लागेको हो । सडक निर्माणले पूर्णताः र कालोपत्र हुन थालेपछि आशा जागेको शिखका स्थानीयवासी सुरेन गुरुङले बताउनुभयो । शिख, घारकादुईहजारपाँचसयघरधुरी र दैनिक सयौँको सङ्ख्यामा गाडी तथा मोटरसाइकलमा घोडेपानी जाने आउने पर्यटकलाई यो सडकले सुविधा पुग्ने र सहज हुनेछ ।

म्याग्दीका गौरवको आयोजना मानिएको पोखरेबगर-चित्रे सडक आयोजनाको सडक यातायात मात्र नभएर पर्यटन, कृषिको विकासका लागिसमेत उत्तिकै महत्व छ ।

सडक स्तरोन्नति भएपछि पर्यटकीयस्थल घोडेपानीमा आन्तरिक पर्यटकको आगमन बढ्ने, शिख र घारका स्थानीयवासीलाईआवतजावतका साथै ढुवानी तथा कृषि, पशु र वनजन्य उत्पादन निकासीमा सहयोग पुग्ने अपेक्षा गरिएको अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताउनुभयो ।

# तनहुँ जलविद्युत्को ठाडो सुरुङमा पेनस्टक पाइप जडान हुँदै

रासस
दमैली १ जेठ

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा पेनस्टक पाइप जडान सुरु गरिएको छ । आयोजनाको चरण दुई अन्तर्गत ‘हाइड्रोमेकानिकल’ कार्यअन्तर्गत ठाडो सुरुङमा पेनस्टक पाइप जडान सुरु गरिएको हो ।

ठाडो सुरुङमा जडान गर्नुपर्ने एक सय ५५ मिटर पेनस्टक पाइपमध्ये पाँच मिटर जडान गरिएको आयोजना प्रमुख राजाभाइ शिल्पकारले जानकारी दिनुभयो । उहाँका अनुसार चरण-२ अन्तर्गत सिनो हाइड्रो कर्पोरेसन, चीनले भूमिगत विद्युत्गृह, मुख्य सुरुङ, र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत काम भएरहेको छ। विद्युत्गृह खन्ने काम सम्पन्न गरी कङ्क्रिटिङ गरिरहेको छ भने टेलरेस सुरुङ निर्माण अन्तिम चरणमा पुगेको छ । यस चरणको निर्माणका लागि सिनो हाइड्रो कर्पोरेशनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो । खरिद सम्झौता बमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनोले विसं २०७५ माघ ६ गतेबाट आयोजना स्थलमा परिचालित भई निर्माण जारी राखेको छ । चरण-१ अन्तर्गत डाइभर्सन सुरुङ १ को माथिल्लो भाग वारपार (ब्रेक थ्रु) भएपश्चात् हाल यसलाई सडक सुरुङको रुपमा प्रयोगमा ल्याइएको जनाइएको छ। त्यस्तै रकबोल्ट जडान, गुणस्तर परीक्षण तथा थप सटक्रिटको काम जारी रहेको आयोजनाले जनाएको छ । डाइभर्सन सुरुङ २ अन्तर्गत डाइभर्सन सुरुङ आउटलेटको आवश्यक सहायतासहित सुरुङ खन्ने तथा ब्लाष्टिङ जारी रहेको आयोजना प्रमुख शिल्पकारले जानकारी दिनुभयो। डाइभर्सन सुरुङ इनलेटतर्फ आवश्यक सहायतासहित सुरुङ खन्ने तथा ब्लास्टिङ गरी गत फागुन २६ गते सुरुङको माथिल्लो भागको ब्रेक थ्रु गरी बेञ्चिङ तथा सुरुङको पोर्टल एरियामा कङ्क्रिट लाइनिङको काम भइरहेको छ।

प्रवेश सडकतर्फ सेती नदीको दायाँ किनारतर्फबाट बाँधको माथिल्लो भागतर्फ जाने प्रवेश सडकको किनारामा नाली निर्माण गरिनाका साथै ग्याबिन राख्नेलगायत कार्य गरिएको आयोजनाले जनाएको छ । स्लोप खन्ने कामअन्तर्गत दायाँतर्फ आवश्यक सपोर्टसहित इलिभेसन तह स्लोप खन्ने काम इलिभेसन तह चार सय ३० मिटरमा पुगेको छ, भने बायाँतर्फ सटक्रिट, वारमेश तथा रिब्स जडानसहित खन्ने काम जारी रहेको जनाइएको छ।

विद्युत्गृहको काम अन्तर्गत ग्रागटिङका लागि सुरुङभित्र ड्रिलिङ गरिएको छ भने कङ्क्रिट लाइनिङ सम्पन्न भएको छ । चरण-३ अन्तर्गत प्रसारण लाइन निर्माणका क्रममा हालसम्म ५२ टावरको जग हाल्ने काम सकिएको छ । निर्माणाधीन आयोजनाअन्तर्गत ३३ टावर जडानको काम सम्पन्न भएको छ भने शून्य दशमलव ९८८३ किलोमिटर तार तान्ने काम पनि सम्पन्न भएको आयोजनाका प्रमुख शिल्पकारले जानकारी दिनुभयो । नौ वटा टावरको जग संरक्षण सम्पन्न भएको, एक स्थानमा टावर जडान, एक स्थानमा संरक्षण र सात स्थानमा जग हाल्ने काम भइरहेको उहाँले बताउनुभयो। दमौली भरतपुर २२० केभी प्रसारण लाइन अन्तर्गत चितवन जिल्लामा टार प्याड निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण गर्न मुआब्जा रकम वितरण सुरु भएको जनाइएको छ।

आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।


## घर भाडा बहालमा लिने वारेको सूचना

(प्रकाशित मिति : २०८०/०२/०२)

नेपाल राष्ट्र बैंकवाट ”घ” बर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको (एनएमबि बैंकको सहायक कम्पनी) यस एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय हाल रहेको ठेगाना पोखरा महानगरपालिका वडा नं.-२५, हेम्जा, कास्कीवाट सोहि जिल्लाको पोखरा म.न.पा. वडा नं.८ मा स्थानान्तरण गनुपर्ने भएकोले सो प्रयोजनको लागी उक्त क्षेत्रमा करिब ३२०० वर्ग फिट भन्दा माथि क्षेत्रफल भएको भवन कम्तीमा १० वर्ष वहालमा दिन ईच्छुक व्यक्ति/संस्था (घर धनी) बाट वहालमा दिने सम्बन्धमा देहायका शर्त बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितीले ७ दिन भित्रमा तोकिएका विवरण/कागजातहरु सहित भवन वहालको मुल्य वा मासिक वहाल रकम (कर सहित) उल्लेख गरी तल उल्लेखित ठेगानामा आफ्नो प्रस्ताब पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त तथा बन्देजहरु :**

१. पार्किङ सुविधा कम्तीमा १० वटा गाडि तथा ३० वटा बाईक अट्ने क्षमता भएको हुनुपर्नेछ ।
२. प्रस्तावित भवन RCC Frame Structure मा भुकम्प प्रतिरोधात्मक प्रविधिबाट निमार्ण भएको हुनुपर्नेछ ।
३. प्रस्तावित भवनमा कुनै किसिमको स्वामित्व सम्बन्धी विवाद नभएको हुनुपर्नेछ ।
४. कुनै पनि प्रस्ताव स्विकृत वा अस्विकृत गर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस बित्तीय संस्थामा निहित रहनेछ ।
५. **दरखास्तका साथ संलग्न गर्नपर्ने कागजातहरु:**
   क. घरधनीको निवेदन, सम्पर्क व्यक्तिको नाम, ठेगाना र सम्पर्क नम्बर
   ख. भाडामा दिने प्रस्तावित भवनको फोटो सहितको ठाउको नक्सा
   ग. स्वीकृत भवनको नक्साको प्रतिलिपी
   घ. निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपी
   ङ. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी
   च. घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फोटो ।

**दर्ता गर्ने ठेगाना/स्थान :**
एनएमबि लघुवित्त बित्तीय संस्था लि.
सामान्य सेवा विभाग, केन्द्रीय कार्यालय, पोखरा-२५, मिलनचोक, हेम्जा, कास्की
**फोन नम्वर** : ०६१-४००४२७, ४००४७७, ९८५६०६८२७९

**एनएमबि लघुवित्त वित्तीय संस्था लि.**
**NMB Laghubitta Bittiya Sanstha Ltd.**
“नेपाल राष्ट्र बैंकबाट ‘घ’ वर्गको इजाजतपत्र प्राप्त संस्था”
**केन्द्रीय कार्यालय : पोखरा-२५, हेम्जा, कास्की, फोन : ०६१-४००४२७, ४००४७७**



## Biruwa Rural Municipality
## Office of The Rural Municipal Executive
**Biruwa, Syangja**
**Gandaki Province, Nepal**

## Invitation for Sealed Quotation

Second Date of publication: 16th May 2023

1. Office of The Rural Municipal Executive, Biruwa Rural Municipality, Biruwa, Syangja invites only electronic Sealed Quotation from Nepalese eligible bidders for the contract given in the table below.

| S N | Contract Identification No. | Name of Project | Bidding Procedure | Estimated Amount (NRs.) | Bid Security Amount | Cost of Bid Document | Last Date of Bid Submission | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Re-SQ/BRM/ 011/ 2079-80 | Belgthari Methabhurung Sapaude Road Maintenance | Sealed Quotation (SQ) | 1500433.00 (WithVAT&PS) | NRs.38000 | NRs.1000 | 23-May-2023, On or Before 12:00 Hrs. | 23-May-2023, On 14:00 Hrs. |
| Rajaswa (Revenue) Account No: | | | | 06300106200003 (Everest Bank Ltd, Biruwa Branch) | | | | |
| Dharauti Account No: | | | | 006300105200050 (Everest Bank Ltd, Biruwa Branch) | | | | |

2. Details which are not mentioned on notice are followed by Public Procurement Act and Public Procurement Regulations.
3. For further details regarding the notice of Invitation for Bids, interested bidders requested to visit the notice board of Biruwa Rural Municipality Office, Biruwa Syangja or may visit PPMO website :- www. bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# वैदेशिक रोजगारीका पीडितलाई क्षतिपूर्ति प्रदान

**पोखरापत्र संवाददाता**
तनहुँ, १ जेठ

सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को पहल र स्थानीय तहको सक्रियतामा वैदेशिक रोजगारीमा समस्यामा परेका तनहुँका ५१ जनाले क्षतिपूर्तिबापतको रकम पाएका छन् ।

वैदेशिक रोजगारीका क्रममा ठगी, मृत्यु तथा जालसाजीमा परेका उनीहरूले सामी कार्यक्रमको समन्वयमा चालु आर्थिक वर्षमा रु दुई करोड ७१ लाख ९५ हजार पाँच सय ९१ रकम क्षतिपूर्तिबापत प्राप्त गरेका हुन् ।

वैदेशिक रोजगारका क्रममा मृत्यु भएका, बेपत्ता भएका, ठगीएका र उद्धार गरिएका पीडितलाई सामी कार्यक्रमको समन्वयमा क्षतिपूर्तिबापतको रकम प्रदान गरिएको कार्यक्रमकी जिल्ला संयोजक लुना रानाले जानकारी दिनुभयो । व्यास नगरपालिकाका २३ जनालाई रु ३० लाख ७० हजार, भानु नगरपालिकाका पाँच जनालाई रु २१ लाख २५ हजार, शुक्लागण्डकी नगरपालिकाका चार जनालाई रु ५२ लाख २० हजार, म्याग्दे गाउँपालिकाका पाँच जनालाई रु ४७ लाख ७५ हजार, भिमाद नगरपालिकाका चार जनालाई रु ९१ लाख ६० हजार पाँच सय ९१, बन्दीपुर गाउँपालिकाका तीन जनालाई रु २२ लाख ५० हजार क्षतिपूर्ति रकम प्रदान गरिएको छ । देवघाट गाउँपालिकाका चार जनालाई रु तीन लाख ८० हजार, आँबुखैरेनी गाउँपालिकाका दुई जनालाई रु एक लाख ४० हजार, घिरिङ गाउँपालिकाका एक जनालाई रु एक लाख २५ हजार क्षतिपूर्ति प्रदान गरिएको छ। जिल्ला प्रशासन कार्यालय तनहुँमा रहेको आप्रवासी स्रोत केन्द्रमा एक सय १९ उजुरी दर्ता भएको थियो । त्यसमध्ये ५१ जनाको उजुरी समाधान भएको रानाले जानकारी दिनुभयो ।

उहाँका अनुसार व्यास नगरपालिकाका ५० उजुरीमध्ये ठगीका १७, मृत्युका दुई, बेपत्ताका १७, उद्धारका नौ र अन्य नौ रहेका छन् । भानु नगरपालिकाका १० उजुरीमध्ये ठगीका तीन, मृत्युका तीन, बेपत्ताका एक, उद्धारका एक र अन्य दुई रहेका छन् । शुक्लागण्डकी नगरपालिकाका १५ उजुरी रहेकामा ठगीका नौ, मृत्युका तीन, बेपत्ताका एक र अन्य दुई रहेका छन् ।

म्याग्दे गाउँपालिकाका १२ उजुरीमध्ये ठगीका चार, मृत्युका दुई, बेपत्ताका दुई, उद्धारका दुई र अन्य दुई रहेका छन् । भिमाद नगरपालिकाका आठ उजुरीमध्ये ठगीका दुई, मृत्युका चार, जेलका एक र अन्य एक रहेका छन् । बन्दीपुर गाउँपालिकाका ११ उजुरीमध्ये अन्य ११, देवघाट गाउँपालिकाका छ उजुरीमध्ये ठगीका एक, बेपत्ताका एक, उद्धारका एक र अन्य तीन रहेका छन् । घिरिङ गाउँपालिकाका तीन उजुरी रहेकामा मृत्यु दुई र अन्य एक, ऋषिङ गाउँपालिकाका दुई उजुरी रहेकामा ठगीका दुई तथा आँबुखैरेनी गाउँपालिकाका दुई उजुरी रहुकामा दुई ठगीका रहेका छन् । जिल्ला प्रशासन कार्यालय तनहुँमा रहेको आप्रवासन केन्द्रमा चालु आर्थिक वर्षमा ती उजुरी दर्ता भएका थिए । "आप्रवासन केन्द्रमा मुद्दा दर्ता भएपछि प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्थानीय तहलगायतको सहकार्यमा पीडित परिवारलाई क्षतिपूर्ति रकम प्रदान गर्न सक्यौँ", रानाले भन्नुभयो ।

सामी कार्यक्रम सञ्चालन भएपछि वैदेशिक रोजगारमा जाने र रोजगारमा ठगिएका, मृत्यु भएकाले राहत रकम पाउँदा पीडित परिवारलाई सहज हुने गरेको देवघाट गाउँपालिकाका उपाध्यक्ष भुवनसिं गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "सामी कार्यक्रमको प्रभावकारिता बढ्दो छ, यसलाई थप विस्तार गर्न आवश्यक छ ।"

वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन विसं २०७६ मङ्सिर १ गतेदेखि जिल्लाका चार र गत वर्षदेखि थप तीन स्थानीय तहमा सामी कार्यक्रम सञ्चालित छ । जिल्लाका व्यास नगरपालिका, भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका, भिमाद नगरपालिका, देवघाट गाउँपालिका र बन्दीपुर गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको छ। सामी कार्यक्रममार्फत विदेश जाने र विदेशबाट फर्किएका युवायुवतीलाई परामर्श सेवा प्रदान गर्ने गरिएको छ। त्यस्तै विदेशबाट फर्किएकालाई सीपमूलक तालिम दिनुका साथै स्थानीयलाई वित्तीय साक्षरता कक्षा समेत प्रदान गरिएको छ । नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय समझदारीअनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सहजीकरण र हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सामी कार्यक्रम सञ्चालन भइरहेको वैदेशिक रोजगार बोर्डका कार्यक्रम अधिकृत शैलेश मिश्रले जानकारी दिनुभयो । सीप तालिम बिना वैदेशिक रोजगारीमा जाने बढी रहेकाले अझै पनि चुनौती रहेको मिश्र बताउनुहुन्छ । उहाँले भन्नुभयो, "ठगीको व्यापकता, म्यानपावर कम्पनीको ठगीमा न्यूनीकरण तथा व्यक्तिगत ठगी तथा कन्सलट्रेन्सीमार्फत हुने ठगी रोकिएको छैन ।"


## कृषि तथा आबास क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०/०२/ ०२)**

गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं. १७ मा कृषि तथा आबास क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्य गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | कृषि तथा आबास क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्य, पोखरा महानगरपालिका, वडा नं. १७ |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका, वडा नं. १७, कास्की जिल्ला, गण्डकी प्रदेशमा कृषि तथा आबास क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्य गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं. १७ |
| कित्ता नं. | ३६३१८, ३६३१९, ३६३२०, ३६३२१, ३६३२२, ३६३२३, ३६३२४ र ३६३२५ को कुल ११,६०१.५ वर्ग मिटर क्षेत्रफलबाट निर्माणजन्य सामाग्री उत्खनन गर्ने |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक–आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

१. श्री पोखरा महानगरपालिका, वडा नं. १७ को कार्यालय ।

२. श्री ग्रिन हेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., बानेश्वर, काठमाडौं ।


# 'नेपालमा 'मोखा' चक्रवातको असर छैन'

**रासस**
काठमाडौं, १ जेठ

हाल देशमा पश्चिमी वायुको साथै स्थानीय वायुको सामान्य प्रभाव रहेको छ।

बङ्गालको खाडीमा विकसित भएको 'मोखा' नामक अति शक्तिशाली चक्रवातको नेपालमा उल्लेखनीय प्रभाव नरहने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। महाशाखाका अनुसार उक्त चक्रवात बङ्गलादेश तथा म्यानमारको क्षेत्रमा प्रवेश गरिसकेको र कमजोर भइरहेको छ । हाल कोशी प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भेगमा मौसम सामान्यतया सफा रहेको छ। दिउँसो देशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही कोशी बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानमा मेघ गर्जन/चट्याङसहित क्षणिक वा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा उल्लेख छ।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८०/०२/०२**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा ऋणको तिर्नु पर्ने भाखा भित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराई ताकेता गर्दा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल :**

| ऋणी तथा धनजमानतको नाम थर | फोटो | धितोको बिबरण |
|---|---|---|
| ऋणीको नामः महालक्ष्मी घिमिरे<br>स्थायी ठेगानाः भानु -९, तनहुँ<br>हालको ठेगनाः पोखरा महानगरपालिका वडा नं. २७ लेखनाथ, कास्की |  | पोखरा महानगरपालिका<br>वडा नं. २७<br>कि.नं. ४५७६<br>क्षेत्रफल ११९.२४ व.मी. |

नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्वारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा–५, कास्की, नेपाल
फोन नं.: ०६१–४१९१२४, ४१९१८०



**Government of Nepal**
**Ministry of Agricultural and Livestock Development**
**Department of Livestock Services**
**National Livestock Breeding Office**
**Pokhara**

## Invitation for the Procurement of Medicine for Herd Health Programme

**Contract Identification No: NP-MOLD-313354-GO-RFQ**
**First Date of publication: 6 April 2023**
**Second Date of publication: 25 April 2023**
**Third Date of publication: 16 May 2023**

Name of the Development Partner: The World Bank
Credit Number: **[6149 NP]**

1. The Nepal Livestock Sector Innovation Project, National Livestock Breeding Office, Pokhara invites sealed quotations from registered Suppliers for the supply, delivery of Medicine for Herd Health Programme.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of National Livestock Breeding Office, Pokhara.
3. A complete set of Bidding Documents may be purchased from National Livestock Breeding Office, Pokhara by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable cost of Rs 1,000.00 deposited at following Bank till 30 May 2023 during office hours.
   *Name of the Bank: Rastriya Banijya Bank* *Account No. 1000200010000*
   *Office Code no.: 312023902* *Revenue Code No.: 14229*
4. Sealed bids must be submitted to the office of National Livestock Breeding Office, Pokhara by hand on or before 12.00 Hrs on May 31, 2023. Bids received after this deadline will be rejected. The bidder may submit the quotation for single or more slices as mentioned in bid document and offer discounts/ cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 hrs on May 31, 2023 at the office of National Livestock Breeding Office, Pokhara. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 23,000.00 for Slice 1, NPR 9,500.00 for Slice 2 and 26,000.00 for Slice 3 which shall be valid for 30 days beyond the validity period of the bid i.e., August 20, 2023.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders may obtain the further information from the National Livestock Breeding Office, Pokhara, phone No: 00977-061505389. Email- nlbc.pokhara@gmail.com
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**NLBO Chief**